बाह्रौं नगर सभा तथा सातौं बजेट अधिवेशनमा प्रस्तुत

# आ.व.२०८०।८१ को बार्षिक नीति, कार्यक्रम तथा बजेट

लालीगुराँस नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, तेह्रथुम

# लालीगुराँस नगरपालिका, बसन्तपुर, तेह्रथुमका नगर प्रमुख श्री अर्जुन माबोहाङद्वारा बाह्रौं नगर सभा तथा सातौं बजेट अधिवेशनमा प्रस्तुत आ.व.२०८०।८१ को बार्षिक नीति, कार्यक्रम तथा बजेट

## मिति: २०८०।०३।३१ गते आईतबार

यस गरिमामय **बाह्रौँ नगर सभा तथा सातौँ बजेट** अधिवेशनमा उपस्थित हुनु भएका नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, सम्बन्धित शाखाका शाखा प्रमुखज्यूहरु, विभिन्न राजनितिक दलका नगर स्थित प्रमुख तथा प्रतिनिधिहरु नगरपालिका स्थित विभिन्न कार्यालय तथा संघ/संस्थाका प्रमुख तथा प्रतिनिधि, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, नगरवासी आमा-बुवा, दिदी-बहिनी, दाजु-भाइहरु, उपस्थित कर्मचारी तथा पत्रकार मित्रहरु।

आज हामी लालीगुराँस नगरपालिकाको बाह्रौँ नगर सभा तथा सातौँ बजेट अधिवेशन समारोहमा उपस्थित भएका छौँ। सर्वप्रथम मुलुकमा प्रजातन्त्र, लोकतन्त्र तथा संघीय गणतन्त्र प्राप्तिका लागि जीवन आहुति दिनुहुने ज्ञात-अज्ञात शहीदहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछु। यस सम्मानित सभा समक्ष आ.व. ०८०/८१ मा यस नगरपालिकाले अनुसरण गर्ने नीति कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित ठानेको छु।

**उपस्थित नगरसभा सदस्य ज्यूहरु !**

यो नीति कार्यक्रम तयार पार्दा लालीगुराँस नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक, पर्यटकीय एवम् भौगोलिक अवस्थितिका आधारमा पूर्वाधार विकासलाई उच्चतम महत्व दिँदै नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, अन्य कानुन प्रचलित हरु, दिगो विकास लक्ष्य, विद्वत वर्ग, विषय विज्ञ तथा सहकर्मी मित्रहरुको राय सल्लाह र आफूले कार्यसम्पादन गरिरहँदाका अनभुवहरु समेतलाइ आधार मानेको छु। यो नीति तथा कार्यक्रमले **" व्यवहारिक शिक्षा, अर्गानिक कृषि, ग्रामिण धार्मिक तथा सांस्कृतिक पर्यटन, सर्वसाधारणको पहुँचमा स्वास्थ्य, जंक फुड मुक्त पोषण, हिलोमुक्त सडक लालीगुराँस नगरपालिकाको अभियान"** भन्ने मूल दृष्टिकोण कायम गरेको छ। यही दृष्टिकोणमा केन्द्रित रहेर आगामी आ.व. को बार्षिक विकास योजना तयार गरिने छ।

**नगर सभा सदस्यज्यूहरु,**

अब म नगरपालिकाको दूरदृष्टि, लक्ष्य तथा उद्देश्यहरु र सो प्राप्त गर्नका लागि अपनाउने प्रमुख नीति, रणनीति, बार्षिक विकास कार्यक्रम तथा बजेटबारे संक्षेपमा बिस्तार गर्न अनुमति चाहन्छु।

लालीगुराँस नगरपालिकाको दुरदृष्टि, लक्ष्य, रणनीतिहरु यस प्रकार रहेका छन्:

**दूरदृष्टि (Vision)**

" व्यवहारिक शिक्षा, अर्गानिक कृषि, ग्रामिण धार्मिक तथा सांस्कृतिक पर्यटन, सर्वसाधारणको पहुँचमा स्वास्थ्य, जंक फुड मुक्त पोषण, हिलो मुक्त सडक लालीगुराँस नगरपालिकाको अभियान "

**लक्ष्य (Mission)**

"नगरपालिकाका विषय क्षेत्रगत नीतिहरुलाई मार्गदर्शकको रुपमा आत्मसाथ गर्दै दिगो विकासको लक्ष्य हाँसिल गर्नका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गरी नगरबासीलाई स्थानीय सरकारको प्रत्याभूति दिने।"

**रणनीति (Strategy)**

"पूर्ण साक्षरता, व्यवसायिक जनशक्ति, सुसंस्कृत नागरिक समाज, नगरको समृद्धिमा सरोकार पक्षहरुबीच सहकार्य, सुशासन र दक्ष जनशक्ती परिचालन।"

संघ, प्रदेश र स्थानीय तहका विकास योजना बीचको अन्तरसम्बन्ध कायम गर्न, लालीगुराँस नगरपालिकाले बार्षिक विकास योजनामा आफ्ना क्षेत्रको समष्टिगत विकासका लागि अवलम्बन गर्ने लक्ष्य, उद्देश्य, रणनीति र योजना तर्जुमाका लागि समावेश हुनुपर्ने आवश्यक प्राविधिक विषयवस्तु स्पष्ट पार्न र शहभागितामूलक योजना पद्धतिलाई नगरपालिकामा संस्थागत गर्दै बार्षिक विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा सहयोग पुऱ्याउने उद्देश्य हाँसिल गर्नका लागि निम्नानुसारका क्षेत्रगत र विषयगत नीति तथा कार्यक्रमहरू प्राथमिकता क्रममा तयार गरिएका छन्।

## (क) आर्थिक विकास क्षेत्रः

### १. कृषि तथा पशुपंक्षी विकास

- उत्पादन र उत्पादकत्व बढाउन कृषि क्षेत्रमा व्यवसायीकरण, वैज्ञानिकरण, यान्त्रिकरण र आधुनिकीकरणमा जोड दिइनेछ।
- नगरपालिका क्षेत्र भित्र मुख्य रुपमा उत्पादन हुने बन्दा, काउली, आलु, केराउ लगायतका तरकारी वाली को उत्पादन बढाउन र कृषकलाई प्रोत्साहन गर्न एकिकृत कृषि सहकारीको स्थापना गरी सोको माध्यमबाट बजारको माग अनुसार कृषि उत्पादनका लागि आवश्यक शीतभण्डार, सङ्कलन केन्द्र, बिक्री केन्द्रजस्ता पूर्वाधारहरुको निर्माण गरिनेछ।
- अर्गानिक कृषिको प्रबर्द्धन र प्रोत्साहन गर्दै उत्पादित कृषि उपजलाई प्राथमिकता दिई बजारका लागि साझा सुविधा केन्द्र स्थापना गरिनेछ।
- कृषकहरुलाई प्रोत्साहन गर्न नगरपालिकामा एकिकृत कृषि सहकारी मार्फत तरकारीको न्युनतम मुल्य निर्धारण गरी उचित बजारको व्यवस्थापन गरिनेछ।
- मेयर संग कृषि कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- पशुधन र जनस्वास्थ्यको रक्षा गर्न पशु रोग नियन्त्रण सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ। पशु रोगहरूको निदान, रोकथाम र नियन्त्रणका लागि खोप अभियान सञ्चालन गरिनेछ। महामारीको रूपमा देखापरेको लम्पी स्किन डिजिजको रोकथामको लागि आवश्यक क्रियाकलापहरू संचालन गरिनेछ।
- वाली बीमा र पशु बीमाकार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
- आ.व. २०८०/८१ वाट पशु बधशाला निर्माण गरी सञ्चालनमा ल्याईनेछ।

### २. सिंचाई

- नगर क्षेत्र भित्रका कृषियोग्य जमिनमा सिंचाइ सुविधा विस्तार गर्न संघ, प्रदेश, स्थानीय तह र दातृ निकायको साझेदारी र सहकार्यमा आयोजनाको कार्यान्वयनलाई निरन्तरता दिइनेछ।
- दिगो र भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने नीति लिइनेछ। सबै कृषियोग्य जमिनमा सिंचाई सुविधा पुर्याउने नीति अवलम्बन गरिनेछ।

### ३. उद्यम विकासः

- स्थानीय तहमा उपलब्ध स्रोत र कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योगलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- बसन्तपुरमा रहेको कोशेली घरलाई थप व्यवस्थित गरिनेछ।

### ४. पर्यटनः

- लालीगुराँस नगरपालिका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डका होटल तथा अन्य व्यवसाय स्थापना र सञ्चालन गर्न निजी व्यवसायी र सार्वजनिक-निजी साझेदारीमार्फत ठूलो मात्रामा लगानी आकर्षित गर्न पहल गरी नगरलाई पर्यटकीय गन्तव्य Evergreen Tourist Destination को रुपमा विकास गरिनेछ।

- यस नगरको मुख्य पर्यटकीय गन्तब्य चो?लुङ पार्क, युमा संग्राहालय र श्रीजंगा मनुस्क्रिप्टोलोजीलाई व्यवस्थित बनाई पर्यटकीय आकर्षणको केन्द्र बनाईनेछ।
- नगर क्षेत्रभित्र सामुदायिक पिकनिक स्थल, चलचित्र सुटिङ स्थलको विकास र प्रवर्द्धन गरिनेछ।

**५. भुमि व्यबस्था तथा सहकारी विकासः**

- सबै सहकारीहरूलाई एकीकृत सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध गरिनेछ। सहकारीको प्रभावकारी नियमनका लागि एकीकृत अनुगमन प्रणालीको विकास गरिनेछ।
- नेपाल सरकारको भू-उपयोग वर्गिकरण नीति कार्यान्वयनमा ल्याईनेछ।
- राष्ट्रिय भूमि आयोगको मापदण्ड बमोजिम प्राथमिकताका आधारमा ऐलानी तथा भोगचलन गरिरहेका जग्गा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने कार्यका लागि यसै आर्थिक वर्ष भित्रमा जग्गा धनि प्रमाणपत्रको निस्सा उपलब्ध गराईनेछ।
- आ.व. २०८०/८१ भित्रमा यस नगरपालिकाभित्र मालपोत तथा नापी कार्यालयको शाखा स्थापना गर्न पहल गरिनेछ।

**६. रोजगारी तथा गरिवी निवारणः**

- नगर क्षेत्रमा कार्यरत श्रमिकका लागि प्रचलित कानूनले तोकेको न्यूनतम पारिश्रमिक दर लागू गर्न पहल गरिनेछ।
- रोजगार सेवा केन्द्र मार्फत विभिन्न योजना तथा सार्वजनिक विकास कार्यमा स्थानीय बेरोजगारलाई रोजगारी प्रदान गरिनेछ।

## (ख) सामाजिक विकास क्षेत्र

**१. शिक्षा**

- शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकासका कार्यक्रमहरूको सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- आ.व. २०८०/८१ देखि सबै सामुदायीक विद्यालयहरुमा व्यवहारीक शिक्षा, जीवनोपयोगी सीप तथा पोषण सम्बन्धी कक्षाहरु श्रव्य दृष्य माध्यमबाट सञ्चालन गरिनेछ।
- लालीगुराँस नगरपालिकाको परिवेश, भेषभुषा, रहनसहन, भाषा, संस्कृति, पर्यापर्यटन, स्थानीय श्रोत तथा उत्पादन, व्यबसाय र नयाँ प्रविधिसंग जोड्दै स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ। सवै सामुदायिक विद्यालयहरुमा श्रव्य दृष्यको माध्यमबाट कक्षा सञ्चालन गर्ने नीति लिईनेछ।
- शैक्षिक क्रियाकलापको अनुगमन तथा निरिक्षण गर्न सामुदायिक माध्यमिक विद्यालयहरुमा ई-हाजिरी र सि.सि क्यामेरा जडान गरीनेछ।
- यस नगर क्षेत्रमा रहेको प्राविधिक धार अन्तरगत कृषि बिषय अध्यापन हुने बसन्त माध्यमिक विद्यालयलाई भौतिक तथा शैक्षिक गुणस्तरमा सुधार गर्दै लागिनेछ। साथै यस आ.व. देखी कक्षा ११ र १२ मा विज्ञान विषय अध्यापन गर्ने विद्यार्थिलाई होस्टलको व्यबस्थापन गरिनेछ।
- यस आ.व. देखि अभिलेखन विज्ञानको खोज र अध्यायन गरिनेछ।
- गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ।

**२. स्वास्थ्यः**

- सबै स्वास्थ्यचौकीहरूमा बर्थिङ सेन्टर स्थापना गरिनेछ।
- नगरवासीहरुको स्वाथ्यलाई मध्यनजर गर्दै व्यायाम पार्कको निर्माण गरिनेछ।
- आयुर्वेद चिकित्सा प्रणालीको विकास विस्तारका लागि समुदाय तथा विद्यालयमा आयुर्वेद र योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरवासीहरुलाई स्वास्थ बीमा गर्न प्रोत्साहित गरिनेछ।
- मदिरा तथा सुर्तिजन्य पदार्थको सेवनबाट हुने हानि नोक्सानी बारे सचेतना कार्यक्रम सबै वडाहरुमा सञ्चालन गरिने छ।

- जङ्क फुडहरु निषेध गर्न नगरबासीहरुलाई प्रोत्साहन र उत्प्रेरीत गरिनेछ। चिसो पेय पदार्थको प्रयोगलाई निरुत्साहित गर्ने नीति अबलम्वन गरिनेछ।
- दिर्घरोगीहरुलाई नियमितरुपमा औषधी वितरणको प्रवन्ध मिलाईनेछ।

**३. युवा तथा खेलकुदः**

- लालिगुराँस नगरपालिकाका सबै वडाहरुमा युवाक्लब गठन गरी विपद् व्यवस्थापन, स्वयंसेवकीय कार्य र सामाजिक जागरणका अभियानहरुमा युवा परिचालन गरिनेछ।
- युवाहरुलाई उद्यमशीलता र नेतृत्व विकास सम्बन्धि तालिम सञ्चालन गरी विभिन्न रोजगारीमुलक कार्यक्रमहरूमा सहभागिताको अवसर उपलब्ध गराइनेछ।
- युवाहरुलाई आकर्षित गर्न विभिन्न प्रतियोगीतात्मक खेलकुद कार्यक्रम तथा खेलकुद प्रशिक्षण कार्यक्रमहरु संचालन गरिने छ,
- युवा तथा बालबालिकाहरुमा बढ्दै गएको नैराश्यता तथा आत्महत्याका घटनालाई कम गर्न मनोचिकित्सा परामर्श सेवा उपलब्ध गराईनेछ।

**४. ज्येष्ठ नागरिक सम्बन्धि नीतिः**

- ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइने छ। ज्येष्ठ नागरिकलाई उपयुक्त समय र स्थानमा तीर्थाटनमा लगिने नीति अबलम्बन गरिनेछ।
- ज्येष्ठ नागरिकमा भएका ज्ञान, सिप, दक्षता र अनुभवको अधिकतम सदुपयोग गर्नका लागि माध्यमिक तहका बालबालिकासँग अन्तरपुस्ता सिप हस्तानतरण कार्यक्रम सञ्चालन गरिने छ।
- ८० बर्ष माथिका ज्येष्ठ नागरिकहरुको घर-घरमा पुगेर डाक्टरको सेवा र कोशेलीसहितको भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ,
- आ.व. २०८०/८१ मा नगर क्षेत्र भित्र वृद्धा आश्रम निर्माण गरिनेछ।

**५. बालबालिका सम्बन्धि नीतिः**

- बालबालिका विरुद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा अन्त्य गरिनेछ।
- किशोर किशोरीहरुमाथि हुने यौन हिंसा न्युनीकरणका लागि यौन शिक्षा तथा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- किशोर किशोरीहरुलाई लक्षित गरी व्यवहारीक ज्ञान, सडक ट्राफिक सम्बन्धी ज्ञान तथा लागु औषध न्यूनिकरण सम्वन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**६. महिला सम्बन्धी नीतिः**

- एकल महिलाहरुका लागि क्षमता विकास कार्यक्रम तथा साझेदारी कोष मार्फत व्यवसायीक योजना अनुरुप कार्यक्रम सञ्चालन गरिनेछ।
- लैङ्गिक हिंसा निवारण कोष सञ्चालन लाई निरन्तरता दिई लक्षित वर्गमा सहयोग पुर्याउने नीति लिइनेछ।
- उपमेयर सँग महिला कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**७. अपांगता भएका व्यक्तिहरु सम्बन्धी नीतिः**

- अपाङ्गता भएका व्यक्तिहरुको लागि सीप तथा क्षमता विकास सम्बन्धी तालिम संचालन गर्ने र उत्पादन गरेका सामग्रीहरु बिक्रिका लागि सहजीकरण गरिने छ।
- सबै प्रकारका अपाङ्गताको पहिचान गरि आवश्यकताका आधारमा कृत्रिम अंग वितरण, सहायक सामग्री वितरण र स्वास्थ्य उपचार सेवा उपलब्ध गराइने छ।

**८. खानेपानी**

- स्वच्छ खानेपानीमा सबै नगरबासीको पहुँच पुर्याउने नीति अवलम्बन गरिनेछ।

- नगर क्षेत्र भित्र रहेका खानेपानीका स्रोतहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ।
- बसन्तपुर बजारको खानेपानी अभाव न्यूनिकरण गर्न उचित प्रबन्ध गरिनेछ।
- वार्ड नं. ८ मा निर्माणाधिन पिङ्वाखोला हात्तिआहाल खानेपानी योजना सञ्चालनमा ल्याईनेछ।

## (ग) पूर्वाधार विकास क्षेत्र

### १. आवास, भवन तथा बस्ती विकास

- आ.व. २०८०/८१ मा नगरपालिकाको प्रशासनिक भवन निर्माण सुरु गरिनेछ।
- आफ्नै भवन नभएका वडा कार्यालयहरुको भवन बनाउन सुरू गरिनेछ ।
- बसन्तपुरको डोब्किलेमा एकिकृत जग्गा विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- सुरक्षित नागरीक आवाश कार्यक्रमलाई निरन्तरता दिईनेछ।

### २. सडक तथा यातायात

- आ.व. २०८०/८१ भित्र पालिका भित्रका मुख्य सडकहरुलाई हिलोमुक्त बनाईनेछ।
- नगरको केन्द्र बाट वडा केन्द्रसम्म जोड्ने नाली सहितको व्यवस्थित सडक निर्माण गर्ने कार्यलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने छ।
- प्रस्तावित रिङरोडलाई नगरपालिकाको गौरवको आयोजनाको रुपमा लिंदै आ.व. ०८०/०८१ भित्र पक्की नाली सहितको सडक निर्माण गर्न नेपाल सरकार, प्रदेश सरकार तथा सरोकार पक्षसँग समन्वय र सहकार्य गरिने छ।

### ३. पूर्वाधार योजना र विकास व्यवस्थापन

- नगर भित्रका सडकहरुको मार्कीङ गरी चेनेज (Chainage) निर्माण गरिनेछ।
- आगामी आ.व. को प्रथम चौमासिक भित्र उपभोक्ता समिति गठन गरी सवै वडा कार्यालयहरुमा अभिमुखीकरण तालिम दिइने छ। तालिम नलिएका समितिहरु सँग योजना सम्झौता नगर्ने नीति लिईनेछ।
- उपभोक्ता समिति गठन गर्दा मुख्य पदमा वस्ने व्यक्तीहरु लगातार दुई आर्थिक बर्ष भन्दा वढी समितिमा बस्न नपाउने नीति कार्यान्वयनमा ल्याईनेछ।
- मासिक रुपमा श्रम शिविरलाई अभियानको रुपमा संचालन गरिनेछ।
- बसन्तपुरमा साप्ताहिक रुपमा लाग्दै आएको सोमबारे हटियालाई उचित ठाँउको प्रवन्ध गरी स्थानान्तरण गरिनेछ।
- राजमार्ग तथा सहायक राजमार्गका छेउछाउमा निर्माण समाग्री राख्न निषेध गरिनेछ।

### ४. सूचना सञ्चार तथा प्रविधि

- नगरको तथ्यांकलाई व्यबस्थित गर्न सफ्टवेयर मार्फत नगर प्रोफाईल तयार गरिनेछ।
- नगर क्षेत्रभित्रका सार्वजनिक संस्था, विद्यालय, स्वास्थ्य केन्द्र र अन्य संस्थाहरूमा इन्टरनेट सुविधालाई थप प्रभावकारी र सुदृढ बनाइनेछ। बस्ती बस्तीमा ईन्टरनेट जडान कार्यक्रमलाई निरन्तरता दिंदै द्रुत इन्टरनेट पहुँचका लागि ईन्टरनेट सेवा प्रदायक संस्थाहरु मार्फत FTTH को विस्तारलाई फराकिलो बनाउन आवश्यक व्यवस्था गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका मुख्य पर्यटकीय क्षेत्रहरुलाई क्रमशः फ्री वाईफाई जोन बनाईनेछ। पर्यटकीय स्थलहरुमा सूचना तथा जानकारीलाई थप व्यबस्थित गर्न QR कोडहरु राखिनेछ।

## (घ) वन तथा वातावरण क्षेत्र

### १. वन, भू संरक्षण तथा जैविक विविधता

- सडक तथा राजमार्गको किनार, उपयोग विहिन सार्वजनिक जग्गा, सामुदायिक वन क्षेत्रमा वृक्षरोपण कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।
- जैविक विविधताको संरक्षण एवम् प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गरिनेछ। लोपोन्मुख जीवजन्तुको संरक्षणका लागि विशेष ध्यान दिइनेछ।

२. **वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन :**

- फोहोरको न्यूनीकरण, वर्गीकरण र पुन: प्रयोगका लागि सचेतनामूलक कार्यक्रम तथा तालिम कार्यक्रमलाई निरन्तरता दिईनेछ
- जैविक फोहोर व्यवस्थापनका लागि होम कम्पोष्टिङ प्रविधिको प्रवर्द्धन गरिनेछ ।
- नयाँ शहर आयोजना, बसन्तपुर मार्फत बजार केन्द्रबाट उत्सर्जन हुने फोहोर व्यवस्थापनका लागी उपयुक्त ल्याड फिल्ड साइटको निर्माण कार्य चाँडो सम्पन्न गर्न पहल गरीनेछ ।

३. **विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन**

- विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभको क्षेत्रमा काम गर्ने वन, वातावरण तथा विपद् व्यवस्थापन समितिलाई सक्रिय गरी विपद् व्यवस्थापन कोष परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।
- जङ्गली जनावरको आक्रमण तथा द्वन्द्वलाई न्यूनीकरण गर्नको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## (ङ) सुशासन तथा संस्थागत विकास

१. **नीति, कानुन, न्याय तथा सुशासन**

- विवाद समाधानका लागि मेलमिलापको माध्यमलाई प्राथमिकता दिइनेछ। न्यायिक समितिको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै वडामा मेलमिलाप केन्द्र स्थापना गरिनेछ । न्यायीक निरुपणका लागि मेलमिलाप कर्तालाई आवश्यक स्रोत र साधन उपलब्ध गराइनेछ ।
- सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वलाई थप सुदृढ तुल्याइनेछ । लालीगुराँस नगरपालिकालाई भ्रष्टाचारःमुक्त नगरको रुपमा विकास गर्न सम्पुर्ण संयन्त्र प्रयोग गरिनेछ ।

२. **उपभोक्ता हित संरक्षण:**

- अत्यावश्यक वस्तुको आपूर्ति र भण्डारणको लागि अनुगमन प्रणालीको विकास गरी बजारमा एकाधिकार प्रवृत्ति, कृत्रिम अभाव र मुनाफाखोरी जस्ता आपूर्तिमा बाधा पुर्‍याउने गतिविधि रोक्न अनुगमन सक्रिय बनाइनेछ ।
- उपभोक्ता हित संरक्षण गर्न सूचना तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३. **सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह**

- सेवा सुविधामा नागरिकको समान र सहज पहुँच सुनिश्चित गर्न नगरपालिकाले सार्वजनिक सेवालाई पहुँचयोग्य, पारदर्शी, निष्पक्ष, भ्रष्टाचारमुक्त, जवाफदेही र सहभागितामूलक बनाउन संस्थागत क्षमता विकास गरीनेछ ।
- प्रशासनिक संगठनका शाखा, उपशाखा र कर्मचारीहरुको कार्यभार, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी मौजुदा संरचनालाई थप व्यवस्थित बनाई सेवा प्रवाहलाई पारदर्शी, प्रतिस्पर्धी, मितव्ययी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको पुनरावलोकन गरिनेछ ।

४. **राजश्व तथा स्रोत परिचालन**

- कर संरचना र करको दरमा सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समतामूलक बनाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्दै पूर्वाधार र सेवा क्षेत्रमा साझेदारी अभिवृद्धि गरिनेछ ।
- कर तिरौं भन्ने भावना करदातामा विकास गरिनेछ ।
- राजस्व प्रशासनलाई थप व्यवसायिक र प्रभावकारी बनाउँदै जवाफदेही, दक्ष र किफायती बनाउन प्रविधिको प्रयोग गरी कर संकलनको लागत घटाइनेछ ।
- प्रचलित खरिद कानुनको अनुपालनका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । खरिद प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धी एवं मितव्ययी तुल्याइनेछ ।
- स्रोत परिचालनमा विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासनलाई आत्मसाथ गरिनेछ ।

अन्त्यमा, यो नीति तथा कार्यक्रम तयार गर्ने कार्यमा मलाई प्रत्यक्ष तथा परोक्ष रुपमा  सल्लाह, सुझाव दिई सहयोग गर्नु हुने सवैमा हार्दिक आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु। यो नीति तथा कार्यक्रम तथा बार्षिक विकास योजनालाई कार्यान्वयन योग्य बनाउनका लागि रचनात्मक सल्लाह सुझाव र प्रतिक्रिया दिनु हुन सरोकारवाला पक्षहरुलाई विनम्रताका साथ अनुरोध गर्दछु।

धन्यवाद।

अर्जुन मावोहाङ
नगर प्रमुख
लालीगुराँस नगरपालिका
सामुदायिक भवन, बसन्तपुर
तेह्रथुम।

मितिः २०८०/०३/३१ रोज १ शुभम

**लालीगुराँस नगरपालिकाको बाह्रौं नगर सभा तथा सातौं बजेट अधिवेशन (२०८०/०३/३१) मा नगर उपप्रमुख श्री जमुना मगर कार्की ज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०८०/८१ को आम्दानी तथा खर्चको अनुमानित विवरण**

# बजेट वक्तव्य

**(क) आय तर्फः**

| | | | |
|---|---|---|---|
| १ | नगरपालिकाको आन्तरिक आयः | रु. | १,९६,४६,००० |
| | **जम्मा रु** | | **१,९६,४६,०००** |
| **२** | **संघीय सरकार तर्फ** | | |
| २.१ | वित्तिय समानिकरण अनुदान (संघीय सरकार) | रु. | ८,१३,००,००० |
| २.२ | वित्तिय समानिकरण अनुदान (संघीय सरकार) थप भएको | रु. | ४६,००,००० |
| २.३ | राजश्व बाँडफाँट (संघीय सरकार) | रु. | ७,१९,७८,००० |
| २.४ | शसर्त चालु (संघीय सरकार) | रु. | २१,७१,००,००० |
| २.५ | शसर्त पूजीगत (संघीय सरकार) | रु. | ६,४९,००,००० |
| | **जम्मा रु** | | **४३,९८,७८,०००** |
| **३** | **प्रदेश सरकार तर्फः** | | |
| ३.१ | वित्तिय समानिकरण अनुदान (प्रदेश सरकार) | रु. | ४८,८५,००० |
| ३.२ | राजश्व बाँडफाँट (प्रदेश सरकार) | रु. | ३९,६९,००० |
| ३.३ | शसर्त चालु (प्रदेश सरकार) | रु. | १५,८२,००० |
| ३.४ | शसर्त पूजीगत (प्रदेश सरकार) | रु. | २२,९६,००० |
| ३.५ | समपुरक बजेट | रु. | १,३०,००,००० |
| | **जम्मा रु** | | **२,५७,३२,०००** |
| ४. | **मौज्दात भुक्तानी बाकी** | | ५७,११,५५४ |
| | **जम्मा आय रु** | | **४९,०९,६७,५५४** |

उल्लेखित आम्दानी रकममा यस लालीगुराँसमा प्राप्त हुने  गरी संघीय सरकार र प्रदेश सरकारबाट उल्लेख भई आएको रकम वाहेक प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम, सडक बोर्ड नेपाल, सामाजिक सुरक्षा भत्ता लगायत पछि प्राप्त हुने प्रकृतिका रकमहरु समावेश गरिएको छैन ।

साथै चालु आर्थिक वर्षबाट बचत भई आगामी आ.व. मा जिम्मेवारी सर्ने रकम तथा चालु आ.व.मा सम्झौता भई भुक्तानी हुन रकम नपुग भई बाँकी रहेका योजनाहरुको योजनागत रुपमा जिम्मेवारी सरेर आगामी आ.व.मा जाने विभिन्न योजना तथा कार्यक्रमहरुको भुक्तानी बाँकी रकम समेत समावेश गरिएको छ ।

**(ख) व्यय तर्फः**

| | | | |
|---|---|---|---|
| १. | चालु खर्च वडा समेत तर्फ | रु. | ७,१९,७८,००० |
| २. | शसर्त चालु (संघीय सरकार) | रु. | २१,७१,००,००० |
| ३. | शसर्त चालु पूजीगत (संघीय सरकार) | रु. | ६,४९,००,००० |
| ४. | वडागत बजेट | रु. | २,७०,००,००० |
| ५. | पूँजीगत खर्च तर्फ नगरपालिका | रु. | ७,६३,००,००० |
| ६. | साना सिंचाइका योजना साझेदारी | रु. | ३१,००,००० |
| ७. | प्रदेश समपुरक साझेदारी | रु. | ७०,००,००० |
| ९. | मेड्पा साझेदारी | रु. | १०,००,००० |
| १०. | समपुरक बजेट प्रदेश | रु. | १,३०,००,००० |
| ११. | शसर्त चालु  (प्रदेश सरकार) | रु. | १५,८२,००० |
| १२. | शसर्त पूजीगत (प्रदेश सरकार) | रु. | २२,९६,००० |
| १३. | मौज्दात भुक्तानी बाकी | रु. | ५७,११,५५४ |
| | | **जम्मा रु.** | **४९,०९,६७,५५४** |

आ.व. २०८०/८१ का लागि अर्थ तथा विनियोजन विधेयक, चालु खर्च तथा पूँजीगत खर्चको विवरण यसै बैठकमा पेश गरेको व्यहोरा समेत सम्मानित सभामा अवगत गराउन चाहन्छु ।

धन्यवाद ॥